# सिङ्गो नेपाललाई नै सामुदायिक वन बनाऊँ

■ कुमुद श्रेष्ठ

**वन हिजो**

हरियो वन थियो, रुखहरु ठूलै थिए
वनको वरिपरि गाउँ थियो, बस्ती थियो
तर वनमा गाउँलेको मन थिएन

वन पालेको कथा सुनी उनीहरु तर्सिएका थिए
कजाउन नसकेपछि हजुरआमाले नातिलाई भनिन्
"धेरै दःख नदेऊ, बन्दुक बोकी वनपाले आउला"
अँध्यारा रातमा आगो ताप्दै साँहिलाले साँहिलीलाई भने
"कुखुरा त वनपालेले खायो, खै यसपालीको दशैंत !"
यस्तै यस्तै थियो हिजोका हाम्रो वनको कथा
हरियो वन थियो, रुखहरु थिए, नजिकै गाउँ थियो
तर वनमा गाउँलेको मन थिएन ।

**वन आज**

हिजोको वन डढिसक्यो
एक एक टुक्रा काठ, उढेर खरानी भईसके
आजको नयाँ वनमा वनपालेको कुरा दन्त्य कथा भइ सके
हाम्रो वनमा अव वनपाले आउँदैन, वन हेरालु बस्छ
यो गाउँको नयाँ वन हो, यो हाम्रो सामुदायिक वन हो
यो स्व-शासित उपभोक्ताहरुको धन हो
यहाँ वनपालेको लठ्ठी होइन, सवै गाउँलेको पाखुरा चल्छ, सबैको वन योजना बन्छ
पानीले मात्र होइन यहाँको रुख पसिनाले पनि सिंचित हुन्छ
यहाँ गाउँलेले बिरुवा लगाउँछ, गोडमेल गर्छ काँटछाँट गर्छ
यहाँ कोही एकजना वनको मालिक छैन, सबै वनको साथी छन्
यहाँ गाउँलेले वन बनाउँछन्, वनले गाउँ बनाउँछ
काठ, दाउरा, बाँस, निगाले र जडीवुटीबाट
सामुदायिक वनको घरमात्र होइन, स्कुल पनि बनिएको छ, गोरेटो पनि खनिएको छ
त्यसैले गाउँलेको आधारभूत आवश्यकताको लागि सामुदायिक वन चाहिन्छ
गाउँको दिगो विकासको लागि सामुदायिक वन चाहिन्छ ।

तर आफसोच अझै छ कहीँ
किनकि जनचेतना र जन जागरणको अभियान र समूहको क्षमता विकास भनिए पनि
मुठ्ठीभर टाठाबाठाको रजाई चल्छ ।
सबैको समान हक भनिए पनि
असहाय र दलितलाई अति आवश्यक
दाउरा र घाँस पनि लिलाम बढाबढको नाउँमा कसैको एकलौटी हुन्छ, काठको त कुरै छोडौं,
यो कस्तो समूह यो कस्तो जीत ?

**वन भोलि**

गरीब, महिला, पिछडिएको वर्गको सहभागिता
स्थानीय समूह र सरोकारवालाहरुको सशक्तिकरण
वन कार्यलय र सरकारको अधिकार वन उपभोक्ता समूहलाई
वनमा सबैको सामिप्यता, पहुँच र अमियता
सबै नेपालीलाई बराबरको हक, महिलालाई आधा हिस्सा
उत्पादनको वितरणमा समानता र पारदर्शिता ।
अझ उपिडित वर्गलाई विशेष सहायता र सहयोग
यो सामुदायिक वनको सिद्धान्त हो ।

यो नारामा मात्र होइन व्यवहारमा पनि चाहिएको छ
यहाँ सामुदायिक वनको व्यवस्थापनवाट गरीबहरुलाई आय चाहिन्छ
यहाँ सामुदायिक वनवाट गरीबी निवारण हुनुपर्छ
यहाँ सामुदायिक वनवाट नेपालीको उद्यमशीलता बढ्नुपर्छ
यहाँ सामुदायिक वनबाट वातावरण संरक्षण दिगो विकास चाहिएको छ

त्यसैले आउनुस् सामुदायिक वनलाई सबै नेपालीको सिद्धान्त बनाऊँ
यसलाई नयाँ नेपाल निर्माणको सिद्धान्त बनाऊँ
एक टुक्रा वनलाई मात्र होइन, पूरा नेपाललाई नै सामुदायिक वन बनाऊँ
नेपाललाई सगरमाथाको देशको साथै
सिङ्गो नेपाललाई नै सामुदायिक वन बनाऊँ ।

(लेखक वन मन्त्रालयमा कार्यरत हुनुहुन्छ ।)